**आकाशवाणी समाचार- नेपाली**

मितिः २४ अक्टुबर २०२४

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. रुसको कजानमा भएको ब्रिक्स शिखर सम्मेलनमा भाग लिएर प्रधानमन्त्री नरेन्द्र मोदी हिजो राति नयाँ दिल्ली फर्किनु भएको छ ।
२. प्रधानमन्त्री नरेन्द्र मोदीले हिज भारत - चीनबीचको विवाद र मतभेदको उचित समाधानको महत्त्वमा जोड दिनु हुदै शान्ति र सद्भावनामा बाधा पुऱ्याउन नहुने बताउनु भयो।
३. केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले चौथो औद्योगिक क्रान्तिमा विद्यार्थीलाई सिर्जनाकर्ता र प्रविधि प्रबन्धक बनाउने शिक्षाको दायित्व हुनुपर्ने बताउनु भएको छ।
४. बंगालको खाडीमा बनेको शक्तिशाली चक्रवात 'दाना' आज राति वा भोलि बिहान भितर कनिका र धाम्रा बीचको ओडिशाको तटीय क्षेत्रमा प्रवेश गर्ने छ।
५. क्रिकेटमा भारत र न्युजिल्यान्डबीच दोस्रो टेस्ट आज पुणेको महाराष्ट्र क्रिकेट एसोसिएसन स्टेडियममा हुनेछ ।

**पीएम रिटर्न**

रुसको कजानमा भएको ब्रिक्स शिखर सम्मेलनमा भाग लिएर प्रधानमन्त्री नरेन्द्र मोदी हिजो राति नयाँ दिल्ली फर्किनु भएको छ । आफ्नो भ्रमणका क्रममा श्री मोदीले चिनियाँ राष्ट्रपति सी जिनपिङए रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र इरानका नवनिर्वाचित राष्ट्रपति मसुद पेझेकियानसँग शिखर सम्मेलनको क्रममा द्विपक्षीय भेटवार्ता गर्नु भयो। उहाले उज्बेकिस्तानका राष्ट्रपति शावकत मिर्जियोयेभ र संयुक्त अरब इमिरेट्सका राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाह्यानसँग पनि द्विपक्षीय भेटवार्ता गर्नु भयो।

****** ० ******

**पीएम-चीन बैठक**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिज भारत र चीनबीचको विवाद र मतभेदको उचित समाधानको महत्त्वमा जोड दिनु हुदै शान्ति र सद्भावनामा बाधा पुऱ्याउन नहुने बताउनु भयो। श्री मोदीले काजानमा १६ औं ब्रिक्स शिखर सम्मेलनपछि चिनियाँ राष्ट्रपति सी जिनपिङसँग द्विपक्षीय भेटवार्ता गर्नुभयो। भेटका क्रममा दुवै नेताले भारत–चीन सीमा समस्याका सम्बन्धमा छिट्टै विशेष प्रतिनिधिको बैठक बसेर सीमा क्षेत्रमा शान्ति र सद्भाव कायम राख्नका उपायहरुको समीक्षा गरी सीमा समस्याको उचित र पारस्परिक रूपमा स्वीकार्य समाधान गर्ने सहमति भएको छ। दुवै नेताले दुई देशबीचको स्थायित्व र सद्भावपूर्ण द्विपक्षीय सम्बन्धको महत्त्वमा जोड दिँदै यसले क्षेत्रीय शान्ति र समृद्धिमा सकारात्मक प्रभाव पार्ने बताए। दुई देशबीचको सुमधुर सम्बन्धले एसिया र बहुध्रुवीय विश्वमा योगदान पुर्याउनेछ। विकासका चुनौतीसँग जुध्न द्विपक्षीय सम्बन्धलाई सहयोगको बाटोमा अघि बढाउनु पर्नेमा दुवै नेता सहमत भएका छन्। सन् २०२० मा उत्पन्न भएको सीमा समस्या समाधानका लागि हालै भएको सम्झौताको स्वागत गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले सीमामा शान्ति र सद्भावना पहिलो प्राथमिकतामा रहेको र पारस्परिक विश्वासए सम्मान र संवेदनशीलता भारत–चीन सम्बन्धको आधार बन्न सक्ने बताउनु भयो।कजानमा दुई नेताबीच भएको भेटबारे सञ्चारमाध्यमसँग कुरा गर्नु हुदै विदेश सचिव विक्रम मिश्रीले भारत–चीनबीच २०२० मा सीमा र सीमा गस्तीमा देखिएको विवाद समाधानका लागि दुई देशबीच समझदारी भएको अवस्थामा यो भेट भएको बताउनु भयो । केही सातादेखि कूटनीतिक र सैन्य माध्यमबाट निरन्तर वार्तापछि दुवै पक्षले यो सहमति गरेको उहाले बताउनु भयो । श्री मिश्रीले यो सम्झौतामा भारत–चीन सीमा विवादका विशेष प्रतिनिधिको भूमिका महत्वपूर्ण रहेको बताउनु भयो । उहाले स्थिर द्विपक्षीय सम्बन्धले क्षेत्रीय तथा विश्व शान्ति र समृद्धिमा सकारात्मक प्रभाव पार्नेमा दुवै नेता स्पष्ट रहेको बताउनु भयो ।

श्री मोदीसँगको द्विपक्षीय भेटमा चिनियाँ राष्ट्रपतिले दुई देशबीच थप वार्ता र सहयोग हुनुपर्ने र मतभेद र विवादलाई राम्ररी समाधान गर्नुपर्ने बताउनु भयो । उहाले एकअर्काको विकासको आकांक्षा पूरा गर्न दुवै देशले सहकार्य गर्नुपर्ने बताए।

****** ० ******

**धर्मेन्द्र प्रधान- शिक्षा सम्मेलन**

केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले चौथो औद्योगिक क्रान्तिमा विद्यार्थीलाई सिर्जनाकर्ता र प्रविधि प्रबन्धक बनाउने शिक्षाको दायित्व हुनुपर्ने बताउनु भएको छ । हिज मेलबर्नमा अष्ट्रेलियाली शिक्षा सम्मेलनको पूर्ण सत्रमा बोल्नु हुदै श्री प्रधानले भारत र अष्ट्रेलियाबीचको बलियो साझेदारीको प्रशंसा गर्नु हुदै यो साझेदारीले उज्ज्वल भविष्यको लागि मार्ग प्रशस्त गर्ने बताउनु भयो । उहाले भन्नु भयोए भारतको राष्ट्रिय शिक्षा नीतिले डिजिटल साक्षरताए सीपए आलोचनात्मक सोच र उदीयमान रोजगार बजारहरू अनुरूप अन्तरविषय अध्ययनमा जोड दिन्छ। श्री प्रधानले शिक्षा क्षेत्रमा भारत-अष्ट्रेलिया सम्बन्धको सहयोग एक महत्वपूर्ण आधार भएको बताउनु भयो ।उहाले अष्ट्रेलियाका शिक्षामन्त्री जेसन क्लेयर एमपीसँग पनि द्विपक्षीय भेटवार्ता गर्नुभयो। कार्यक्रममा दुवै देशका विश्वविद्यालयका प्रमुख तथा अन्य विशिष्ट व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

****** ० ******

**केरल नामांकन**

केरलामा युनाइटेड डेमोक्रेटिक फ्रन्ट-यूडीएफए लेफ्ट डेमोक्रेटिक फ्रन्ट-एलडीएफ र राष्ट्रिय जनतान्त्रिक गठबन्धन-एनडीएका उम्मेदवारहरूले हिज चेलाक्कारा आरक्षित विधानसभा क्षेत्रका लागि उम्मेदवारी दर्ता गरेका छन्। यूडीएफले पूर्व सांसद रेम्या हरिदासलाई उम्मेदवार बनाएको छ भने एलडीएफले यूआर प्रदीपलाई उम्मेदवार बनाएको छण् यसरी नै एनडीएका उम्मेदवार के. बालकृष्णन हुनेछन् । पलक्कड विधानसभा क्षेत्रमाए एनडीएका सी कृष्णकुमारले रिटर्निंग अफिसर समक्ष आफ्नो उम्मेदवारी दर्ता गरे। यसअघि कांग्रेस उम्मेदवार प्रियंका गान्धीले वायनाडबाट उम्मेदवारी दर्ता गरेकी थिइन् । उम्मेदवारी दर्ता गर्ने अन्तिम मिति २५ अक्टोबर हो । मनोनयनपत्रको जाच २८ अक्टोबरमा हुनेछ भने उम्मेदवारी फिर्ता लिने अन्तिम मिति ३० अक्टोबर तोकिएको छ ।

****** ० ******

**चक्रवाद 'दाना'**

पूर्व–मध्य बंगालको खाडीमा बनेको शक्तिशाली चक्रवात 'दाना' आज राति वा भोलि बिहान भितरकनिका र धाम्रा बीचको ओडिशाको तटीय क्षेत्रमा प्रवेश गर्ने छ । भारतीय मौसम विज्ञान विभागले 'दाना' को भू–भागमा व्यापक प्रभाव पार्ने क्रममा १०० देखि १२० किलोमिटर प्रतिघण्टाको गतिमा हावा चल्ने अनुमान गरेको छ । यो भीषण चक्रवात पारादीपबाट ४२० किलोमिटर र ओडिशाको तटमा रहेको धामराबाट ४५० किलोमिटर अनि पश्चिम बंगालको तटमा रहेको सागर टापुबाट ५०० किलोमिटर टाढा रहेको साथै बंगालको खाडीमा १२ किलोमिटर प्रतिघण्टाको गतिमा अघि बढिरहेको छ ।ओडिशाको केन्द्रपाराए बालासोर र भद्रक जिल्लामा भारी वर्षा हुने साथै श्दानाश बाट सबैभन्दा बढी प्रभावित हुनेछए जबकि राज्यका अन्य ११ जिल्लाहरूले पनि यसको प्रभावमा भारी वर्षाको अनुभव गर्नेछन्। भुवनेश्वरस्थित बिजु पटनायक अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भर्ने र आउने सबै हवाई सेवा आज बेलुका ५ देखी भोलि बिहान ९ बजेसम्म बन्द गरिएको छ । तटीय क्षेत्रका तराई क्षेत्रमा बसोबास गर्ने मानिसहरूलाई सुरक्षित स्थानमा स्थानन्तरण गरिएको छ । सबै विद्यालय, कलेज, विश्वविद्यालय र धेरै सरकारी संस्था भोलिसम्म बन्द गरिएको छ । डाक्टर र सरकारी कर्मचारीहरूको बिदा रद्द गरिएको छ, जबकि ठूलो संख्यामा यात्री ट्रेनहरू रद्द गरिएको छ। माछा मार्नेहरूलाई समुन्द्रमा प्रवेश गर्न प्रतिबन्ध लगाइएको छ।

****** ० ******

**चक्रवाद - पश्चिम बङ्गाल**

पश्चिम बंगालको दक्षिण २४ परगनामा चक्रवात दानाको असर देखिन थालेको छ । जिल्लाका विभिन्न स्थानमा पानी र हावाहुरीको तीव्रता बढेको छ । जिल्लाको सुन्दरवन तटीय क्षेत्रमा हावाहुरी र वर्षाको मात्रा बढी रहेको छ । आज

जिल्लाका विभिन्न स्थानमा भारीदेखि भारी वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । जसका कारण क्षेत्रमा रेड अलर्ट जारी गरिएको छ। आज दिउँसोपछि प्रकोप बढ्ने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । गत रातिसम्म जिल्लाका ५० हजार मानिसलाई सुरक्षित स्थानमा लगिएको छ । एनडीआरएफको ३ टोलीए एसडीआरएफका २ टोली जिल्लाका प्रभावित क्षेत्रमा विपद्को सामना गर्न पुगेका छन् । तालिमप्राप्त गोताखोर तयार छन् । हावाहुरीले रुखका हाँगा भाँच्न पुगेमा स्वचालित आरासहित ४७० टोली तयार छन् ।

****** ० ******

**मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी आइतवार आकासवाणीको 'मन की बात' कार्यक्रममा देश तथा विदेशका जनतासँग आफ्ना विचार साझा गर्नु हुनेछ । यो मासिक रेडियो कार्यक्रमको ११५ औं शृङ्खला हुनेछ। श्रोताहरूले यस कार्यक्रमसँग सम्बन्धित आफ्ना सुझावहरू टोल फ्री नम्बर **१ ८ ० ० . ११ . ७ ८ ० ०** मा पठाउन सक्नुहुनेछ। डलळवअए छंडव एपमा पनि सुझावहरू पठाउन सकिन्छ। यी सुझावहरू अक्टोबर २५ सम्म पठाउन सकिन्छ। कार्यक्रम आकाशवाणी र दूरदर्शनका सबै नेटवर्कमा प्रसारण हुनेछ। यो कार्यक्रम आकाशवाणीको वेबसाइट र समाचार ए.आई.आर एपमा पनि उपलब्ध हुनेछ। यो आकाशवाणीए दूरदर्शन समाचारए प्रधानमन्त्रीको कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलहरूमा पनि प्रत्यक्ष प्रसारण हुनेछ।

****** ० ******

**आकाशवानी. पूर्व महानिदेशक निधन**

आकाशवाणी समाचारका पूर्व महानिर्देशक पी.के. बन्द्योपाध्यायको हिजो कोलकातामा निधन भयो । हृदयघातको कारण उनको निधन भएको बताईएको छ । पूर्व भारतीय सूचना सेवा अधिकारी स्वर्गीय बन्दोपाध्यायका आकाशवाणी समाचारए प्रेस सूचना ब्यूरो सहित सूचना र प्रसारण मन्त्रालयका विभिन्न मिडिया एकाइहरूमा लामो र विशिष्ट क्यारियर रहेको थियो ।

****** ० ******

**जर्मन-चांसलर**

जर्मन चान्सलर ओलाफ स्कोल्ज अन्तरसरकारी परामर्श (आईजीसी) को सातौं बैठकमा भाग लिन आजदेखि तीन दिवसीय भारत भ्रमणमा रहनु हुनेछ । प्रधानमन्त्री नरेन्द्र मोदी र चान्सलर स्कोल्जले अन्तर-सरकारी परामर्श बैठकको सहअध्यक्षता गर्नेछन्। IGC एक पूर्ण-सरकारी मञ्च हो जस अन्तर्गत दुबै पक्षका मन्त्रीहरूले आ-आफ्नो क्षेत्राधिकारसँग सम्बन्धित मुद्दाहरूमा छलफल गर्छन् र प्रधानमन्त्री र कुलपतिलाई रिपोर्ट गर्छन्।

****** ० ******

**क्रिकेट**

क्रिकेटमा भारत र न्युजिल्यान्डबीच दोस्रो टेस्ट आज पुणेको महाराष्ट्र क्रिकेट एसोसिएसन स्टेडियममा हुँदैछ । यो म्याच भारतीय समय अनुसार बिहान ९ बजे सुरु हुनेछ । तीन म्याचको शृंखलामा भारतले म्याचमा पराजयको सामना गर्नु परेको थियो ।पहिलो टेस्टमा, न्यूजिल्याण्डले बेंगलुरुको एम. चिन्नास्वामी स्टेडियममा भारतमाथि ऐतिहासिक जित हासिल गर्‍यो।न्यूजिल्याण्डले भारतमा सन् १९८८ पछि पहिलो टेस्ट जित र भारतीय भूमिमा ३७ खेलमा तेस्रो जित हासिल गरेको थियो ।

****** ० ******

**एफएम रेडियो नीलामी**

केन्द्रीय सूचना तथा प्रसारण राज्यमन्त्री डा. एल. मुरुगनले घोषणा गर्नु भएको छ जसमा मन्त्रालयले तमिलनाडुका ११ सहरहरूमा नयाँ निजी एफएम रेडियो स्टेशनहरूको लागि आवेदनहरू आमन्त्रित गरिरहेको छ। हाल यी शहरहरूमा कुनै पनि निजी एफएम रेडियो स्टेशनहरू छैनन्। चेन्नईमा विभिन्न व्यापार संघहरूसँग चलिरहेको एफएम रेडियो लिलामीमा छलफलको क्रममा डा. मुरुगनले प्रधानमन्त्री नरेन्द्र मोदीको तेस्रो कार्यकालको पहिलो १०० दिन पछि सरकारका उपलब्धिहरू प्रकाश पर्नु भयो । उहाले भन्नु भयोए विभिन्न विकास परियोजनाहरूका लागि १५ लाख करोड रुपैयाँ विनियोजन गरिएको छ र १ हजार ५०० पुराना कानूनहरू व्यापार वृद्धिमा अवरोधहरू हटाइएको छ। श्री मुरुगनले

यो पनि भन्नु भयोए पूर्वाधार विकासका लागि ३ लाख करोड रूपियाँ विनियोजन गरिएको छ। उहाले सन् २०४७ सम्ममा भारतलाई विकसित राष्ट्र बनाउने लक्ष्यका साथ समाजको सर्वाङ्गीण विकासका लागि धेरै कल्याणकारी योजनाहरू अघि बढाइएको जानकारी गराउनु भयो । एफ.एम रेडियोको विस्तारको बारेमा डा. मुरुगनले अक्टोबर १४ बाट देशभरका २३४ नयाँ निजी एफएम स्टेसनको लिलामी सुरु भएको बताउनु भयो । तमिलनाडुका ११ शहर र देशका अन्य शहरहरू पनि यस लिलामीबाट लाभान्वित हुनेछन्। उहाले रेडियोको लोकप्रियतामा बृद्धिको श्रेय प्रधानमन्त्री नरेन्द्र मोदीको आकाशवाणीमा प्रसारण हुने मन की बात कार्यक्रमलाई दिनु भयो। मन्त्रालयका सहसचिव सञ्जीव शंकरले चाँडै कुन्नूरए डिन्डिगुलए कराइकुडीए करूर र तंजावुर जस्ता शहरहरूमा निजी एफएम रेडियो च्यानलहरू सुरु गरिने बताउनु भयो। यी प्रत्येक शहरमा तीनवटा च्यानलका लागि बोलपत्र प्रक्रिया अघि बढिसकेको छ। यसका लागि आवेदन दिने अन्तिम मिति नोभेम्बर १८ हो।

****** ० ******